


राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

सूचना
**२०७५ साल भदौ १ गते देखि लागूभएको अपराध संहीतामा रहेका मुख्य व्यवस्थाहरु :**
- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- य सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
सूचना तथा प्रसारण विभाग

वर्ष-१२ ।। अङ्क : १४१ ॥ २०७७ भाद्र २८ गते आइतबार (13th Aug. 2020, Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

# बाँच्न चाहने र बचाउँनेहरु

***मेचीनगर (प्रस)*** । अहिले झापा धुलाबारी माविको कक्षा ११ मा अध्ययनरत अरिस्ता परियारले गम्भीर स्वास्थ्य समस्याको सामना गरिरहेकी छन् ।
दुवै मिर्गौलाले काम गर्न छाडेपछि मेचीनगर ९ फारमटोल बस्ने अरिस्ताको जीवन संकटमा छ । अरिस्ताको जीवन बचाउन स्थानीय जुटेका छन् । उपचारका लागि आवश्यक खर्च जुटाउन, मिर्गौला दिने व्यक्ति खोज्न र प्रत्यारोपणका लागि आवश्यक प्रबन्ध मिलाउन अहिले जनस्तरमा अभियान चलाइएको छ । मेचीनगर नगरपालिका –९ का वडाध्यक्ष गोपाल खड्काको संयोजकत्वमा गठित अरिस्ता जीवन बचाउ अभियान सबै उपायको खोजीमा लागेको छ । अरिस्ताकी आमा लक्ष्मी परियारले हप्तामा दुई पटक डाईलोसिस गरिरहनु परेको बताइन् । अरिस्ताको आर्थिक अवस्था दयनीय छ । उनको मिर्गौला प्रत्यारोपण गर्न रकम यति नै लाग्छ भन्ने यकिन छैन । तर, लक्ष्मीले लाखौं खर्चिसकेकी छन् । ‘ अब हाम्रो सामर्थ्य नै रहेन’ गहभरि टिलपिल आँशु पार्दै लक्ष्मीले भनिन्,‘ हाम्रो भन्ने नै तपाईंहरु हो,कसरी हुन्छ अरिस्ता बचाइदिनु पर्‍यो ।’ मजदुरी गर्न भारत गएका अरिस्ताका बुबा पनि छोरी



बिरामी भएपछि घर आएका छन् । छोरीको पीडा टुलुटुलु हेर्ने र छेउमा बसेर आँशु चुहाउने बाहेक उनमा अर्को सामर्थ्य नै छैन ।
अभियानका संयोजक खड्का समाजको सानो सहयोगले बालिकाकोजीवन बाँच्न सक्ने भएकाले यथासक्य सहयोग गर्न सबैमा आग्रह गर्छन् । उनले ५० हजार रुपैयाँ दिएका छन् ।
अभियानका सहसंयोजक मेचीनगर १० का वडाध्यक्ष सुवेश पनेरु समाजका सबैलाई अभियानको सदस्यको रुपमा लागिदिन र अरिस्ताको जीवन बचाउने सर्वोत्तम मानवीय कार्यमा जुट्न आग्रह गर्छन् । उनले पनि सहयोग गरिसकेका छन् ।
अभियानका सचिव मेची उद्योग वाणिज्य संघका महासचिव ध्रुव कनालले अरिस्ताको उपचारका लागि हालसम्म २ लाख ४१ हजार सहयोगको प्रतिबद्धता आएको बताए । त्यसमा ५२ हजार प्राप्त भइसकेको छ । तर, अरिस्ताको उपचारका लागि २० लाख बढी लाग्ने चिकित्सकले बताएका छन् । मेचीनगर नगरपालिकाका सबै जनप्रतिनिधि अरिस्तालाई सहयोग गर्न लागेका छन् । जिल्लामा रहेका दलित संगठनहरुले समेत सहयोग प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । यद्यपि, अरिस्ताको मिर्गौला प्रत्यारोपण गर्ने रकमको प्रबन्ध अझै भएको छैन । अरिस्ताको हप्तामा २ पटक भद्रपुरस्थित ओम साई पाथिभरा अस्पतालमा डाइलोसिस भइरहेको छ । एक पटकमा न्यूनतम

❖**बाँकी अन्तिम पृष्ठमा**

## कलेजो रोगी सोममायालाई सहयोग

***दमक (प्रस)*** । मुटु तथा कलेजो रोगवाट केही समयदेखि विरामी परेकी कमल गाउँपालिका-६ गेउरियाकी ६६ बर्षिया सोमरानीलिम्बुको उपचारका लागि स्थानीय फाल्गुनन्द आमा समूहले १० हजार रुपैयाँ सहयोग गरेको छ ।



शनिबार विरामीको घरमा पुगेर समूहका पूर्व अध्यक्ष दिलकुमार लावतीसहित पदाधिकारी र सदस्यहरुको उपस्थितिमा विरामीलाई सहयोग हस्तान्तरण गरेका हुन् ।यसैगरी कमल ७ निवासी समाजसेवी शान्ता केरुङले पनि विरामीको उपचारमा सघाउन व्यक्तिगत रुपमा ५ हजार १ सय रुपैयाँ प्रदान गरेकी छन् ।

अर्काको जग्गामा टहरा बनाएर बस्दै आएकी लिम्बुलाई रोगले च्यापे पनि उपचार गर्न परिवारसंग रकम नहुँदा घरमै थलिन बाध्य भएपछि उनको उपचारमा थोरै भएपनि सहयोग पुर्‍याउन समूहले १० हजार रुपैयाँ उपलव्ध गराएको हो ।
अस्पतालसम्म लगेर उपचार गर्ने आर्थिक अवस्था नभएपछि केरुङकै पहलमा आमा समूहवाट समेत सहयोग जुटाएकी हुन् । विरामीको अवस्था थप गंभीर भएपछि शनिबार नै स्थानीयबाट सरसहयोग जुटाएर धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको परिवारले जनाएका छन् ।

यसअघि नै श्रीमान् गुमाएकी विरामीका चार छोरी र तीन छोरा छन् । तर परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएपछि पीडित परिवारले उनको जीवन बचाईदिन इच्छुक मनकारीहरुलाई सहयोगका लागि समेत अनुरोध गर्दै आएका छन् ।

## सञ्चारकर्मी पन्तले दिए १ लाख



***दमक (प्रस)*** । झापाको दमक घर भई हाल अमेरिका बस्दै आएका सञ्चारकर्मी सुदिप पन्तले दमकको एक संस्थालाई १ लाख रुपैयाँ सहयोग गरेका छन् ।
परोपकारी काममा सक्रिय रहँदै आएको दमकको असहाय मानव सेवा समाजलाई उनले सो सहयोग उपलव्ध गराएका हुन् ।
नेपाल-अमेरिका पत्रकार महासंघ (नेजा) का अध्यक्षसमेत रहेका उनले विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरिदै आएको बन्दाबन्दी,निषेधाज्ञाका कारण दैनिक ज्याला मजदुरी गर्दै आएका समुदाय खान नपाएकाले त्यस्ता लक्षित समुदायलाई दैनिक निशुल्क भोजनको व्यवस्था गर्नका लागि उक्त सहयोग उपल्व्ध गराएका हुन् ।
महिलाहरु मात्र आवद्ध रहेको सो संस्थाले सरकारले गरेको वन्दाबन्दीको समयमा दमकमा महिना दिनसम्म विपन्नलाई खाना खुवाएको थियो । संस्थाले दैनिक खाना खुवाउन स्रोत जुटाउन नसक्दा पछिल्लो समय भने खाना वितरण कार्य रोकिएको थियो ।
दाता पन्तले स्वेच्छिक रुपले अति विपन्नलाई विहान वेलुका खाना खुवाउन लाग्न चाहिने रकम उपलव्ध गराएपछि फेरि खाना खुवाउन लागिएको संस्थाकी अध्यक्ष चेतना निरौलाले बताइन् ।

## बजार अभावले सिमेन्ट उद्योग समस्यामा

❖ **मनिषा चम्लागाईं /झापा**

कोरोना महामारीका कारण व्यवसाय ठप्प हुँदा सिमेन्ट उद्योग समस्यामा छन् । सबै क्षेत्रमा निर्माण कार्य रोकिँदा सिमेन्ट उद्योग गम्भीर समस्यामा परेको उद्योगीहरू बताउँछन् । सरकारले उद्योग सञ्चालनको अनुमति दिए पनि बजार पूर्ण रूपमा नखुलेसम्म पनि उत्पादन रोक्न मिल्दैन ।” पहिलेको तुलनामा ४० प्रतिशत मात्र उत्पादन गर्दै आएको उनको भनाई छ । “हामीले दैनिक ५ हजार ब्याग सिमेन्ट उत्पादन गर्दै आएका थियौं, लकडाउनपछि दैनिक २२ सय ब्याग सिमेन्ट उत्पादन हुन्छ” मैनालीले भने “प्रत्येक घण्टामा सिमेन्टको आयु मर्छ, त्यसैले माग बिना उत्पादन




सिमेन्ट उत्पादन तथा बिक्री सहज नहुने कञ्चनजंघा सिमेन्ट उद्योग झापाका सञ्चालक मिनप्रकाश मैनालीले बताए ।
“लकडाउनपूर्व नै बजारमा गएको सामानको पैसा उठेको छैन” मैनालीले भने, “त्यसैले उद्योग घाटामा छ भन्ने थाह भए गर्ने अवस्था रहन्न ।” सरकारी बजेट सञ्चालनमा नआएकाले पनि उद्योग मारमा परेको मैनाली बताउँछन् ।
सिमेन्ट उद्योगमा जनशक्तिको समेत अभाव सिर्जना भएको छ । उद्योगमा भारतीय ‘मिलर टोली’

❖**बाँकी अन्तिम पृष्ठमा**

## मञ्जुश्री असहाय संरक्षण केन्द्र झापामा प्रसाईँ




***बिर्तामोड (प्रस)*** । झापामा मञ्जुश्री असहाय संरक्षण केन्द्रको गठन भएको छ । मञ्जुश्री असहाय संरक्षण केन्द्र महिला तथा बालबालिकाविरुद्ध हुने शोषण अन्त्यका लागि सक्रिय संस्था हो ।
निकिता खत्री प्रसाईंको अध्यक्षतामा गठन भएको संरक्षण केन्द्रमा ९ सदस्यीय समिति रहने छ । समितिको उपाध्यक्षमा पुनम ओडारी, सचिवमा सुमी विष्ट, कोषाध्यक्षमा रविना खड्का, सदस्यमा सैलेजा आचार्य, शोभा खड्का, तुलसा श्रेष्ठ, मञ्जु ओली रहेका छन् । बाँकी एक जना सदस्य पहिलो बैठकले मनोनित गर्ने जनाइएको छ ।
समुदायमा रहेका असहाय बालबालिका, घरेलु हिंसामा परेका महिला, पारिवारिक अपहेलनाका कारण कष्टकर जीवनयापन गर्न बाध्य जेष्ठ नागरिकलाई उद्धार, मनोसामाजिक परामर्श, कानुनी सहयोग, आवश्यक शिक्षा र सीपमूलक तालिमका माध्यमबाट आत्मनिर्भर बनाउनुका साथै पारिवारिक तथा सामाजिक पुनर्मिलनका लागि यस संस्थाले भूमिका खेल्ने अध्यक्ष प्रसाईंले बताइन् । संरक्षण केन्द्र परोपकारी संस्था भएकाले नितान्त सेवाभावले काम गर्ने प्रतिबद्धता जनाएकी छन् ।
२०७२ सालमा चितवनको भरतपुर नगरपालिकामा स्थापना भएको उक्त संस्थाले ७७ वटै जिल्लामा शाखा विस्तार शुरु गरेको छ । झापा शाखाले जिल्लाको सबै क्षेत्रका प्रतिनिधिलाई समेटेर सल्लाहकार समितिसमेत गठन गरेको छ । शाखा विस्तारको क्रममा उपस्थित बिर्तामोड नगरपालिका -४का वडा सदस्य गंगाप्रसाद भट्टराई, निर्मला ल्वागुन, सल्लाहकार दिपनारायण केसीले संस्थालाई निरन्तर सहयोग गर्ने जनाएका छन् ।

## ‘बिएण्डसीमा कोरोनाको समस्या छैन’

***बिर्तामोड (प्रस)*** । बिएण्डसी अस्पतालमा कोरोना संक्रमणको कुनै समस्या नरहेको अस्पतालले जनाएको छ। अस्पतालका कार्यकारी निर्देशाक दुर्गा प्रसाईले कोरोनालाई भयावह बनाइएको बताए । शनिवार अस्पताल परिसरमा




आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक प्रसाईले बीएण्डसी अस्पतालमा कोरोना संक्रमणका विरामी रहेको तर उनीहरु सबैको अबस्था सामान्य रहेको जानकारी दिए। अत्याधुनिक प्रविधिका उपकरणजडित अस्पतालमा सबै रोगको उपचार हुने भन्दै प्रसाईले कोरोना संक्रमितको समेत छुट्टै आइसोलेसन वार्डमा राखेर उपचार गर्न शुरु गरिएको बताए । बिएण्डसी अस्पतालमा कार्यरत केही चिकित्सक, नर्स र कर्मचारी कोरोना संक्रमणका कारण आइसोलेसनमा रहेका छन् । उनीहरुको अवस्था सामान्य रहेको अस्पतालका चिकित्सक डा. राजु श्रेष्ठले जानकारी दिए । ‘कोरोना संक्रमण परीक्षण गर्दा चिकित्सकसहित केही कर्मचारीमा कोरोना संक्रमण देखियो उनीहरुमा कुनै लक्षण छैन ’डा. श्रेष्ठले भने,‘ १४ दिनसम्म आइसोलेसनमा बस्दा कुनै लक्षण देखिएन अब पुनः पिसिआर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आए उनीहरु सबै जना डिस्चार्ज हुन्छन् ।’ अस्पतालका मेडिकल डाइरेक्टर डा. निराजन पराजुलीले अस्पतालमा रहेको आइसोलेसनमा बस्ने कुनै पनि संक्रमितमा लक्षण नदेखिएको बताए । उनले भने ‘संक्रमण पुष्टि भएपनि उनीहरुमा कुनै लक्षण नदेखिएकाले समस्या छैन,हामीले स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर विरामीको नियमित उपचार गरिरहेका छौं ।’
कोभिडको उपचारका लागि सरकारले विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र बिराटनगरलाई मात्रै अनुमति दिएकाले जटिल प्रकारका विरामी आए उनीहरुलाई रेफर गर्ने गरिएको डा पराजुलीले बताए । डा. पराजुलीले कोरोना संक्रमितका लागि अस्पतालमा छुट्टै आइसोलेसन वार्ड तयार पारिएको जनाए। अस्पतालमा १० वेड आईसीयूसहित ४८ वटा आइसोलेसन बेड तयार पारिएको जनाइएको छ ।

## ब्राउन सुगर र गाजासहित पक्राउ


गौतम


राई

***बिर्तामोड (प्रस)*** । इलाका प्रहरी कार्यालय बिर्तामोडले २२ ग्राम लागुऔषध ब्राउन सुगरसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ३० वर्षिय गोपाल गौतम रहेका छन् ।
बिर्तामोड-३ स्थित गोपाल एग्रोभेट्समा ब्राउन सुगरको कारोबार भइरहेको सूचना पाएसँगै एग्रोभेट्सबाटै सञ्चालक गौतमलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी मुकुन्द रिजालले जनाए । बिर्तामोड प्रहरीले छापा मारेर शुक्रबार उनलाई पक्राउ गरेको हो । अर्जुनधारा ३ निवासी गौतमले बिर्ताबजारको त्रिवेणी टोलमा एग्रोभेट्स संचालन गर्दै आएका थिए ।
त्यस्तै अबैध चार किलो गाजासहित दमकमा एकजना पक्राउ परेका छन् । . इलाम माङ्सेबुङ गाउँपालिका ६ घर भई दमक १ मामा चोकस्थित सुन्दर लावतीको घरमा डेरा गरी बस्ने २६ वर्षिय अर्पण राई पक्राउ परेका हुन् । लुकाई छिपाई राखी बेचबिखन गर्दै गरेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनको कोठामा रहेको काठको पलङमा झोलामा राखेको प्रतिबन्धित ४ केजी ५८ ग्राम गाजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# खानेपानी विभागमा पहिलोपटक महिला महानिर्देशक

*झापा (प्रस)* । नेपालभर खानेपानी र ढल व्यवस्थापनको जिम्मेवारी बोकेको खानेपानी तथा ढल व्यवस्थापन विभागले इतिहासमै पहिलो महिला महानिर्देशक पाएको छ ।

करिव पाँच दशक लामो इतिहास बोकेको विभागमा खानेपानी मन्त्री बीना मगरले पहिलो महिला महानिर्देशकको रुपमा मीना श्रेष्ठलाई नियुक्त गरेकी हुन् । यसअघि श्रेष्ठ विभागको उप महानिर्देशक पदमा कार्यरत थिइन् ।



यसअघिका विभागका महानिर्देशक सुनिलकुमार दास मन्त्रालय सरुवा भएसँगै विभागमा श्रेष्ठलाई नियुक्त गरिएको हो । श्रेष्ठले शुक्रबारदेखि नै आफ्नो जिम्मेवारी सम्हालेको मन्त्रालयका सहसचिव तथा प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिए । खानेपानी विभागको उपमहानिर्देशकमा कार्यरत श्रेष्ठलाई खानेपानी मन्त्रालयको शुक्रबारको बैठकले महानिर्देशकमा पदस्थापन गर्ने निर्णय गरिएको खानेपानी मन्त्रालयका प्रवक्ता शाक्यले बताए । श्रेष्ठ खानेपानी विभागमा कार्यरत सहसचिवमध्ये वरिष्ठ थिइन् । 'उहाँलाई वरिष्ठताको आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको महानिर्देशकमा पदस्थापन गर्ने निर्णय गरिएको हो ।' प्रवक्ता शाक्यले भने । निवर्तमान महानिर्देशक दासलाई भने खानेपानी मन्त्रालयमा बोलाईएको छ ।

मीना श्रेष्ठ, खानेपानी विभागको करिब ५० बर्षे इतिहासमै महानिर्देशकमा नियुक्त पहिलो महिला हुन् । नेपालभित्र खानेपानी र ढल व्यवस्थापनसम्बन्धी सेवा सञ्चालनको व्यवस्था गर्न २०२९ सालमा खानेपानी तथा ढल व्यवस्थापन विभाग स्थापना गरिएको थियो । त्यसयता थुप्रै महानिर्देशकहरु परिवर्तन भए पनि श्रेष्ठ नै पहिलो महिला महानिर्देशक बन्न सफल भएकी छन् ।

वरिष्ठताको आधारमा पनि अगाडि रहेकी श्रेष्ठलाई महानिर्देशक नियुक्त गरेर मन्त्रालयले सकारात्मक सन्देश दिएको छ । विभागमा हालसम्म करिव दुई दर्जन जति महानिर्देशक हुँदा पहिलोपटक महिला महानिर्देशक नियुक्त हुनुमा मन्त्री मगरकै चाहना प्रमुख रहेको मन्त्रालय स्रोतले बताएको छ ।

यसअघि सिभिल इन्जिनियरको रुपमा श्रेष्ठ भवन विभागमा कार्यरत थिइन् । २०५३ सालदेखि सरकारी सेवामा रहेकी श्रेष्ठ अनुभवी र क्रियाशील कर्मचारी भएको बताइन्छ ।

## बजार अभावले ...

(मिल सञ्चालन हेर्ने टोली) रहेको र बन्दाबन्दीसँगै उनीहरु भारत फर्केकाले मजदुर अभाव शुरु भएको हो । उनीहरुलाई तत्काल नेपाल फर्काउन समस्या रहेकाले गुणस्तरीय उत्पादनको चुनौती रहेको मैनाली बताउँछन् । "यहाँका मजदुरले प्राविधिक कुरा जान्दैनन् त्यसकारण पनि उद्योगी मारमा छन्" मैनालीले भने ।

बजार अभाव नै सिमेन्ट उद्योगको प्रमुख समस्या रहेको नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापा बताउँछन् । अहिले देशभर २५ प्रतिशत सिमेन्टमात्र उत्पादन भइरहेको थापाको भनाइं छ । सिमेन्ट उद्योग सञ्चालनमा नहुँदा सरकारले करोडौं रुपैयाँ राजस्वसमेत गुमाएको थापाले बताए । "सिमेन्ट कहिलेसम्म 'स्टक रहन्छ' भन्न सकिँदैन त्यसैले बजार पूर्णरूपमा नखुल्दा उत्पादन कम भएको हो" थापाले भने ।

कोरोना संक्रमणको जोखिम न्यूनीकरणका लागि लकडाउन जारी भएसँगै सिमेन्ट उद्योग सञ्चालन गर्ने वातावरण नै नभएको गोरखकाली सिमेन्ट उद्योग झापाका सञ्चालक दिपेश ढकाल बताउँछन् । "झापामा ७ वटा सिमेन्ट उद्योग सञ्चालनमा छन्" ढकाल भन्छन्, "सबैको समस्या भनेकै बजार अभाव हो ।" उद्योगमा रहेका भारतीय मजदुरलाई दशैंपछि पुनः काममा कसरी फर्काउने भन्ने अर्को समस्या रहेको ढकालले बताए ।

यस वर्ष कोरोना कहरको कारण ५० प्रतिशतभन्दा धेरै उत्पादन कम हुने उनको भनाइ छ ।

त्यस्तै, गत चैतदेखि उत्पादन शुरु गर्ने उद्देश्यले दर्ता भएको काबेली सिमेन्ट इन्डस्ट्रिज झापा हल्दिबारीले उत्पादन शुरु गर्नुपूर्व नै लकडाउन खेप्नु पर्‍यो । उद्योगी देवीप्रसाद मैनालीले काबेली सिमेन्ट इन्डस्ट्रिज दर्ता गराएका हुन् ।

"उद्योग सञ्चालनका लागि कच्चा पदार्थदेखि जनशक्तिको समेत व्यवस्था गरेका थियौं" अर्का सञ्चालक सुमन मैनालीले भने, "चैतदेखि उत्पादन बजारमा ल्याउने लक्ष्य थियो, सबै काम ठप्प भयो ।" ६० करोड लगानी गरेको उद्योगले ७६ जनालाई रोजगारी दिने लक्ष्य राखेपनि लकडाउनले गर्दा लक्ष्य पूरा नभएको मैनाली बताउँछन् । "कोरोना भाइरसको कारण हामी धेरै मारमा छौं" मैनालीले भने, "व्यवसाय शुरु गर्न नपाउँदै लकडाउन शुरु भयो, बैंकको ब्याज तिर्न नै समस्या हुन थालेको छ ।"

उद्योगको वार्षिक एक लाख ५० हजार मेट्रिक टन ओपिसी र एक लाख मेट्रिक टन पिपिसी सिमेन्ट उत्पादन क्षमता रहेको छ । अब थोरै परिमाणमा भएपनि केही दिनमा नै उत्पादन बजारमा ल्याउने तयारी शुरु गरिएको मैनालीले जनाए ।

## बाँच्न चाहने...

१० हजार खर्च लाग्छ ।

चिकित्सकले ६ महिना अगाबै अरिस्ताको मिर्गौला प्रत्यारोपण गर्नु पर्ने बताएपछि सो परिवार झनै दवावमा परेको छ। रकम संकलनका लागि एनएमबी बैंकको धुलाबारी शाखामा १७५०१४३०६९०००११ को खाता सञ्चालनमा ल्याइएको छ । अरिस्ताको परिवार उनी पढ्ने विद्यालय मेचीनगर क्षेत्रका वित्तीय तथा सामाजिक संघसंस्था गुहार्ने योजनामा छ। अभियानकर्ता र अरिस्ताको परिवारले सञ्चार क्षेत्र नलागे आफ्नो मात्रै केही नलाग्ने भन्दै आग्रह गरेका छन्,' तपाईंहरु लागिदिनोस्, तपाईंहरुको सहयोगले अरिस्ता बाँच्ने आधार तयार हुन्छ ।' सञ्चार क्षेत्रसँगको यो भरोसा समाजप्रतिको अकन्टक विश्वास हो ।

यो विश्वासलाई धरमराउन नदिन सिंगो समाज जुट्नु पर्छ । यो नै अरिस्ता बचाउने सार्थक अभियान हुनेछ ।

# युवा समाजसेवी बुढाथोकीले दिए विश्व हिन्दु महासंघलाई ५१ हजार सहयोग



*बिर्तामोड (प्रस)* । युवा समाजसेवी प्रकाश बुढाथोकीले विश्व हिन्दु महासंघ झापाको भवनका लागि ५१ हजार रुपैयाँ सहयोग गरेका छन् ।

बिर्तामोड ३ विराटपोखरी परिसरमा निर्माण भएको महासंघको भवनलाई बिर्तामोड ९ निवासी उज्यालो चिन्तन चौतारीका संचालक रहेका बुढाथोकीले सो सहयोग गरेका हुन् ।

शनिबार बुढाथोकीले महासंघका अध्यक्ष मोहन उप्रेती र सदस्य पुण्यप्रसाद प्रसाईंलाई उक्त सहयोग हस्तान्तरण गरेका छन् । ३८ लाखको लागतमा स्थानीयको सहयोगमा २ तले भवन निर्माण भएको हो । सामाजिक कार्यमा अग्रसर बुढाथोकीले त्यस किसिमको सहयोग निरन्तर गर्दै आएका छन् ।

**झापा नाटक घरका लागि शिक्षा सहकारीको सहयोग**

बिर्तामोड, भदौ २७ । बिर्तामोडस्थित शिक्षा बहुउद्देश्यीय सहकारी संस्थाले झापा नाटक घर निर्माणका लागि ५१ हजार रुपैयाँ सहयोग गरेको छ । स्थापनाको नवौ बर्ष प्रबेशको अबसरमा झापा साहित्य प्रतिष्ठानद्वारा आयोजित प्रथम काव्य सभाका बीच सहकारी संस्थाले झापा नाटक घर निर्माणका लागि नगद सहयोग गरेको हो । संस्थाका अध्यक्ष सुब्रत न्यौपानेले क्षितिज नाट्य समूहलाई चेक हस्तान्तरण गरेका थिए ।केही दिनअघि सो सहकारी संस्थाले कोटिहोमको पिसिआर प्रयोगशालाका लागि ५१ हजार रुपैयाँ सहयोग गरेको थियो ।

# शिवगञ्जमा ७८ वटा रैथाने जातका धानको खेती



*शिवगञ्ज (प्रस)* । कञ्चन जैविक विविधता संरक्षण तथा विकास समितिले यस वर्ष ७८ वटा रैथाने जातका धान लगाएको छ ।

शिवसताक्षी नगरपालिका ७ चन्द्रडाँगीमा रहेको संस्थाले रैथाने जातका धान नष्ट हुन नदिन त्यसको खेतीलाई निरन्तरता दिएको हो । यस वर्ष दुई कठ्ठा जग्गा लिजमा लिएर ७८ किसिमका रैथाने धान लगाएको संस्थाकी उपाध्यक्ष नरमाया कार्कीले बताइन् । उनले विभिन्न ८० प्रकारका रैथाने जातका धानको बीउ खोजेर ल्याइएकोमा ७८ प्रकारका धानको खेतीलाई यस वर्ष निरन्तरता दिएको जानकारी दिइन् । संस्थाले स्थानीय किसानहरुलाई तालिम दिएपछि धानको बीउ दिने गरेको र किसानले त्यही बीउबाट फलाएको धानलाई खरिद गरी अन्य किसानलाई बिक्री गर्ने गरेको कार्कीले बताईन् ।गत वर्ष समितिले २१ सय मन धान बीऊ बिक्री गरेको थियो । संस्थाबाट बीउ लिएर ३५ जना किसानले खेती गरेका छन् । रैथाने जातका धानको बीउ संरक्षणमा लागेको संस्थाले लगाएको धान खेतीको शुक्रबार संघीय साँसद एलपी साँवा, प्रदेश साँसद झलकसिँह दर्लामी, वडाध्यक्ष नवीन इजमलगायतले अवलोकन गरेका थिए । साँसदहरुले रैथाने धानको बीउ संरक्षणमा लागेको संस्थाको अभियानको प्रशंसा गरेका थिए । त्यस अवसरमा उत्कृष्ट ३५ जना किसानलाई पुरस्कारस्वरुप त्रिपाल वितरण गरिएको संस्थाका अध्यक्ष डिल्ली पौडेलले बताए ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


# हौसला पाइनँ–कलाकार पुष्पा

*झापा (प्रस)* । कला र गला दुवै छ । गायनको अनुभव पनि छ । केवल पाएकी छैनन् हौसला र सहयोग । जन्मेदेखि युवा अवस्थासम्म हन्डरै हन्डर खानु पर्ने कलाकार पुष्पा परणामी कार्कीको नियति बनिसकेको हो कि !



उमेरले २० वर्ष टेकेकी पुष्पा झापाली संगीतप्रेमीका लागि नौलो नाम होइन ।

सानै उमेरदेखि संगीतमा साधनारत उनी आफ्नो पहिचान बनाउन विगत ५ वर्षदेखि संघर्षरत रहेकी छन् । तर, कसैको पनि साथ सहयोग र हौसला नपाउँदा कलाकार बन्ने उनको सपना अधुरै रहने देखिएको छ । ' म के गरुँ, कसलाई भनुँ ' आफ्नो भविष्यप्रति पुष्पा चिन्तित देखिएकी छन् ।

इलामको बरबोटेमा जन्मिएर बिर्तामोडमा बस्दै आएकी पुष्पाको आत्मकथा अत्यन्त मर्मस्पर्शी रहेको छ ।गुरुकुलमा पालनपोषण भएर त्यहींबाट संगीत आरम्भ गरेकी उनले रहर मात्र पुरा गर्न खोजेकी छैनन् , संगीतलाई नै जीवन बनाउने लक्ष्य छ । ' मेरो लाइफ नै म्यूजिक हो ' उनी भन्छिन् ,' तर, संगीतमा जम्न मैले कसैको सपोर्ट र हौसला पाइनँ ।' खासगरी आधुनिक र भजन गाउन रुचाउने उनले धेरै स्टेज प्रोग्राम गरिसकेकी छन् । टंक बुढाथोकी , श्रीकृष्ण लुइटेल, राजु अधिकारी , भानु ओली, कविता शिवाकोटी , पुष्पन प्रधानजस्ता कलाकारसँग उनले गीत गाएकी छन् । शुरुमा एक्लै र पछि ब्याण्डमा गाएको अनुभव उनीसँग छ । त्यसैगरी उनले केही सर्टमूभिमा अभिनय पनि गरेकी छन् । संगीतलाई पेशाकै रुपमा अगाडि बढाउने सोचले उनी बारमा गएर गीत गाउँथिन् । त्योसँगै संगीत सिकाइलाई पनि उनले जारी राखेकी थिइन् । सिक्दै गाउँदै गरेकी ती कलाकार अहिले चुप लागेर बस्न बाध्य छिन् । न उनले कही गएर गाउने ठाउँ छ , न सिक्ने ठाउँ नै । रियाज गर्नका लागि उनीसँग बाजागाजा पनि छैन । त्यसका लागि उनले अगरबत्ती बिक्री गर्ने काम शुरु गरेकी छन् । ' सिकेको पनि बिर्सिन लागिसकेँ ' उनी भन्छिन् ,' रियाज गर्नका लागि मसँग हार्मोनी , गिटार केही पनि छैन ।' काम गरेको पैसाले ती सामान जोड्ने उनले बताइन् । एकजना गीतकारले शब्द रचना लेखेर सहयोग गर्दा पनि खर्चको अभावमा एल्बम निकाल्न नसकेको उनले समस्या सुनाइन् ।

पुष्पासँगै संगीत सिक्नेहरुले नाम दामसहित चर्चामा छन् । तर, आफूले कसैको सहयोग नपाएरै केही गर्न नसकेको ओझेलमा परेकी उनले दुखेसो राखिन् ।' मलाई कसैको पनि सपोर्ट छैन ' पुष्पा भन्छिन् ,' त्यसकारण चाहेर पनि गर्न सकेकी छैन ।' संगीतको लागि वरदानजस्तै पाएकी पुष्पाले हौसला चाहिँ नपाएको स्थानीय नानु पंगेनीको बुझाइ छ । ' मनकारीहरुले हौसला र टेवा दिन सक्यौं भने उसको भविष्य उज्वल छ ' पुष्पालाई सहयोग गर्दै आएकी नानु भन्छिन् ,' उनको सीप र परिश्रमलाई खेर जान दिनु हुन्न ।'


बिर्तामोड नगरपालिकाको
अत्यन्त जरुरी सूचना !

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्य विकास शाखा मार्फत् पशु नश्ल सुधार (कृतिम गर्भाधान) कार्यक्रम गाई, भैंसी र बाख्रामा ५०% छुट अनुदानमा कार्यक्रम सञ्चालन भइरहेको हुँदा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहने आम पशुपालक कृषकहरुको जानकारीका लागि यो सूचना सम्प्रेषण गरिएको छ । कृतिम गर्भाधान सेवा नगरपालिकाको १० वटै वडामा सञ्चालन भइरहेको हुँदा कार्यालयको सम्पर्क नं. ०२३-५४६६७३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध छ ।

बिर्तामोड नगरपालिका, झापा

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
बाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail.com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

# अभिव्यक्ति

## म प्रधानमन्त्री भएको बखत



❖ भेषराज घिमिरे

हजुरलाई राष्ट्रपतिज्यूले प्रधानमन्त्री पदको शपथका लागि १०:३० बजेको शुभ साइतमा तय गर्नुभएको छ-फोनमा मलाई निम्ता गर्ने राष्ट्रपति कार्यालयका सचिव थिए । मैले म तयार नै छु भने । मलाई भन्न मन त लागेको थियो- यति ठूलो जनमत प्राप्त गरी आफ्नै पार्टीले पनि संसदीय दलको नेतामा चयन गरेको मलाई सबै समय शुभ नै हुनुपर्ने हो । तर यसमा कसैलाई पनि हानी नोक्सानी हुने कुरा थिएन । त्यसैले केही भनिनँ ।

हतार- हतार भेडासिंहबाट किनेर ल्याएको रेडिमेड दौरा सुरुवाल लगाएर राष्ट्रिय पोसाकमा करिब १०:२५ मा शपथ ग्रहणका लागि तोकिएको ठाउँमा पुगे । काठमाडौंमा ट्राफिक जामका कारण ढिलो हुने हो कि भन्ने डर लागेकाले बेलैमा निस्किएको थिएँ । समयलाई महत्व दिनुपर्छ भन्ने सोच आफ्नो रहेको र यसबाट परिवर्तन गर्न सकिने धेरै विषयवस्तु छन् भन्ने लागेका कारण तोकिएकै समयमा नै शीतल निवास पुगेँ ।

मेरो शपथका लागि विशेष कार्यक्रम आयोजना गरिएको रहेछ । उच्च पदस्थ प्रशासकहरु, सुरक्षा निकायका प्रमुखहरु, प्रमुख राजनीतिक दलका नेताहरु सबैलाई आमन्त्रण गरिएको रहेछ । संवैधानिक अंगका प्रमुखहरु पनि उपस्थित हुनुहुन्थ्यो । जे होस्, एउटा विशिष्ट र भव्य समारोह थियो । राष्ट्रपति आएपछि सबैले आआफ्नो स्थानबाट उठेर अभिवादन गरे । अनि तोकिएको समयमै शपथ गहण भयो ।

शपथ ग्रहणपछि सिधै प्रधानमन्त्रीको कार्यालयमा पुगेर कार्यभार सम्हाल्नु अगाडि सहिद मञ्च गई सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति श्रद्धाञ्जलि अर्पण गरे । त्यति नै बेला एकजना विशिष्ट महानुभावले एउटा चिट हातमा दिनुभयो । मैले त्यो चिट नहेरी उहाँलाई नै फर्काएँ र भनेँ - नीतिनियम र प्रक्रियाअनुसार भेट्न सक्नुहुन्छ । अहिले हतार नगरौँ ।

प्रधानमन्त्रीको कुर्सीमा बसेपछि मलाई एउटा फाइल निर्णयको लागि पेस गरियो । फाइल मेरो प्रयोगको लागि अत्याधुनिक गाडीको खरि दसम्बन्धी थियो । जुन मैले त्यसमा लेखेँ – 'मुख्य सचिवज्यू, मलाई मेरो अवस्था, हैसियत र देशको आर्थिक स्थितिबारे धेरै थाहा छ । तसर्थ यस्तो फजुल खर्च गर्ने परम्परा आजैका मितिदेखि अन्त्य गर्ने प्रयत्न गर्नु होला ।'

अनि मैले मेरो कुर्सीको अगाडि राष्ट्रपतिको फोटो र अर्कोतर्फ म यो कुर्सीमा बसुन्जेल नैतिकताबाट कहिल्यै पनि विचलित हुन नसकुँ भनेर मलाई नैतिक शिक्षा पढाउने गुरु स्व. महानन्द शर्मा ज्यूको फोटो राख्न लगाएँ । मन्त्रिमण्डलका सदस्यहरुको शपथ अनि सामान्य परिचयलगत्तै क्याबिनेट राख्न लगाएँ र उपस्थित सबै मन्त्रीलाई देशको नियम कानुन मिचेर कुनै कार्य नगर्नु र जनताको हितलाई शिरोधार्य गर्नु भनी संक्षिप्त निर्देशन दिए । मेरो प्रथम मन्त्रिपरिषद्ले गरेका निर्णयमा नेपालबाट प्लास्टिकका झोलामा सधैँका लागि बन्देज लगाउने साथै त्यस व्यवसायका लागेका उद्योगीलाई अन्य विकल्प छनोट गर्ने अवसर र सहुलियत कर्जाको व्यवस्था गर्ने थियो ।

दोस्रो निर्णय, राजनीति र निजी व्यवसाय अलगअलग विषय भएकाले राजनीतिमा सक्रिय व्यक्तिले कुनै स्कुल, कलेज, पेट्रोल पम्प, हस्पिटललगायतका उद्योग व्यवसायमा लगानी गर्न नपाउने र त्यसैसँग सरोकार राख्ने कानुन तत्काल निर्माण गर्ने, साथै शिक्षा र स्वास्थ्यमा सम्पूर्ण लगानी राज्यको रहने, त्यसको बजेट व्यवस्थाका लागि देशमा सरकारसँग रहेका सुविधा सम्पन्न गाडीहरु लिलाम विक्री गर्ने, संसद विकास कोषको रकम रकमान्तर गर्ने र बाँकी नपुग रकम शिक्षा र स्वास्थ्यकरबाटै पूर्ति गर्ने । दीगो स्वास्थ्य र शिक्षा नीतिको लागि एउटा अधिकारसम्पन्न प्राधिकरणको गठन गर्ने र त्यसको अध्यक्षमा प्रा.डा. गोविन्द के.सी.लाई नियुक्त गर्ने र उहाँलाई सो पद स्वीकार गर्न अनुरोध गर्ने ।

अर्को निर्णय थियो नेपाल विद्युत् प्राधिकरणका कार्यकारी प्रमुखमा कुलमान घिसिङलाई निरन्तरता दिने । मेरो निर्णयमा एकजना मन्त्रीले आपत्ति जनाउँदै थिए- मैले भने यो प्रधानमन्त्रीय पद्धति हो । तपाईँले आफ्नो कुरा राख्न सक्नु हुन्छ तर प्रधानमन्त्रीको निर्णयमा असहमत हुने हो भने कता लाग्ने स्वतन्त्रता पनि छ । क्याविनेट बैठकलगत्तै चुरे संरक्षण समितिका पदाधिकारी र वन तथा वातावरण मन्त्रालयका मन्त्री, सचिवहरुसँग बैठक गरेँ ।

चुरे विनासले नेपालको तराई क्षेत्रमा भएको ह्रास र सिञ्चाइ तथा खानेपानीमा आएको समस्यालाई गहिरो किसिमले छलफल गर्दै चुरेलाई पूर्ण संरक्षित क्षेत्र घोषणा गरी त्यहाँका वासिन्दालाई विकल्पसहितको कार्ययोजना तत्काल पेस गर्न निर्देशन दिए । परिवर्तन आफैँबाट सुरु गर्नुपर्छ भन्ने थाहा थियो । तसर्थ प्रधानमन्त्रीको सचिवालय सानो आकारमा बनाए । विज्ञ समूह निर्माण गरेँ र सामान्य खालको गाडीको प्रयोग गरेँ । त्यसबाट बिस्तारै अरु मन्त्री र सचिवलाई पनि अप्ठ्यारो लाग्नेछ र सामान्य खालका सवारी साधनको प्रयोग गनेछन् भन्ने अपेक्षा थियो । राष्ट्रिय लगानी बोर्डको बैठक राख्न लगाएँ । अनि अबदेखि विदेशमा काम गर्ने नेपालीले पठाउने रेमिट्यान्सको लगानीमा करिब २६०० मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजना अगाडि बढाउन निर्देशन दिएँ र सोहीअनुरुप कानुन तर्जुमाको लागि निर्णय गरेँ । साथै लगानी बोर्डलाई अलि सक्रियपूर्वक काम गर्न सल्लाह दिएँ ।

अर्को दिन संवैधानिक निकायका प्रमुखहरुसँग छलफल गरेँ । अख्तियार दुरुपयोगको काम अलि सन्तोषजनक नभएको र कतिपय अवस्थामा दोहोरो मापदण्ड राख्ने प्रवृत्ति देखा परेको सन्दर्भमा ध्यानाकर्षण गरेँ । साथै सबै खालका भ्रष्टाचारको अनुसन्धान र निवारणमा सरकारको सम्पूर्ण सहयोग रहने र कुनै हस्तक्षेप नहुने कुरा राखेँ ।

त्यस्तै लोकसेवा आयोगका अध्यक्षले वर्तमान कानुनले लोकसेवाको स्वायत्तता र निष्पक्षतामा पुऱ्याएको अवरोधबारे जानकारी गराए । त्यो मनासिब थियो । मैले सो कानुन तुरुन्तै संशोधन गर्ने आश्वासन दिएँ । साथै आइन्दा लोकसेवाको सिफारिसविना अस्थायी वा करारमा समेत कर्मचारी नियुक्ति नगर्ने निर्णय गरेँ । त्यसैगरी मानव अधिकार आयोग र महिला आयोगका पदाधिकारीसँग सघन छलफल गरे र निर्मला पन्तको हत्याको निष्पक्ष छानबिन हुन नसकेकोमा माफी माग्दै पुनः छानबिनको लागि अधिकारसम्पन्न आयोग गठन गरेँ । अनुराधा कोइरालालाई आयोगको अध्यक्ष बसिदिन अनुरोध गर्ने र आयोगले समग्र महिला सुरक्षासम्बन्धी कानुनको मस्यौदा तयार गर्ने जिम्मा दिने निर्णय गरियो ।

संविधानमा लेखिएअनुसार मुलुकले समाजवाद उन्मुख लोकतन्त्रको अभ्यास गर्नुपर्ने हुँदा सरकारका अधिनमा रहेको आयल निगमको प्रतिस्पर्धा गर्न निजी क्षेत्रलाई पनि पूर्णरुपमा पेट्रोलियम पदार्थको आयात निर्यातका साथै बेचबिखन गर्ने कानुनी व्यवस्था निर्माण गर्ने प्रक्रिया अगाडि बढाएँ । सम्पूर्ण स्कुल र अस्पताल सरकारी भइसकेपछि सबै जनताको समान पहुँच सुनिश्चित हुने हुँदा देशमा आशाका केही किरण देखिन थाल्दै थिए । नागरिकहरु बिस्तारै गाउँ फर्किने छन् र गाउँहरुमा रौनक आउनेछ भन्ने कुरामा म विश्वस्त थिए । कोभिड–१९ को महामारीमा भए गरेका भ्रष्टाचारहरुको छानबिन गर्न अख्तियारलाई अनुरोध गरेँ र साथै सरकारको सम्पूर्ण सहयोग रहने कुरामा आश्वस्त गराए । भ्रष्टाचार हुन पनि नदिने र नसहने भन्ने अघिल्लो सरकारको नारालाई कार्यान्वयनमा ल्याउन राज्यका सम्पूर्ण निकायलाई निर्देशन दिएँ । भ्रष्टाचार र कालोबजारीलाई पूर्णरुपमा नियन्त्रण गर्न लगाएँ ।

मेरो सचिवालयका एकजना कर्मचारीले गैरकानुनीरुपमा लाभ लिएको सूचनाको आधारमा छानबिन गरी निजलाई पदबाट मुक्त गरेँ । साथै रिबन काट्ने कार्यमा व्यस्त हुने कार्यतालिका हटाएर औचित्यको आधारमा प्राथमिकता दिन लगाएँ । किसानले आफ्ना छोराछोरीलाई कृषि पेसाबाट शिक्षादीक्षा दिन नसकेसम्म नेपालको दीगो विकास हुनै सक्दैन भन्ने मेरो सोच कार्यान्वयन गर्न सामूहिक कृषि प्रणाली र वैज्ञानिक विधिको प्रयोगमा जोड दिए ।

विगतमा सरकारबाट अनुचित लाभ लिएकाहरु मसँग निकै रुष्ट थिए । तैपनि कुनै पर्वाह नगरी राष्ट्र निर्माणमा लागेँ । अझै भन्ने हो भने मेरै परिवारका सदस्यहरु सुविधा उपभोग गर्न नदिएकोमा रुष्ट थिए । तर पार्टीगत स्वार्थ र परिवारको घेराबाट निस्किन नसके सिंहदरबारमा फोटो झुन्ड्याउनेबाहेक कुनै योगदान हुने छैन ।

नेपाली सेना पेसागत रुपमा दक्ष बनोस् भनेर विभिन्न व्यवसाय र ठेक्कापट्टाबाट बाहिरै राख्ने निर्णय लिएँ । सुरुमा केही समस्या देखिए पनि नेपाली सेनाले सहजरूपमा लियो र अन्तर्राष्ट्रिय क्षेत्रमा सेनाको छवि अझै उच्च बन्यो ।

शिक्षा र स्वास्थ्य सरकारको लगानीमा हुने भन्ने निर्णय पूर्णरुपमा कार्यान्वयनमा आइनसके पनि त्यसबाट परिवर्तन हुन थालेको थियो । गाँउहरु सुविधा सम्पन्न बन्दै थिए । अव्यवस्थित सहरीकरण घट्दै थियो । जिन्दगीभरको कमाइबाट एउटा घडेरी किन्ने सोचमा भएका नागरिकसमेत परिवर्तन देख्दा खुसी हुँदै थिए । त्यहीबेला एउटा आवाज आयो – आज के भयो र ढिलासम्म सुतेको, 'मर्निङ वाक' जानु पर्दैन ? म त निद्रामा पो रहेछु । लाग्यो, मेरो जीवनमा प्रधानमन्त्री बन्ने अवसर आए सपनामा देखेजस्तै कार्य गर्नु पर्ला !

## किताबिया



❖ अग्रिम अधिकारी

लकडाउनले जीवन नै लक गऱ्यो वा जीवन शैली नै लक पाऱ्यो, थाहा छैन । तर, यो डाउन जीवनलाई अप पार्न म सडकमा निस्किएँ ।

यी पेटीहरूमा हिँड्दै गर्दा एकाएक मलाई मेरा विज्ञान शिक्षकको याद आउँछ । केही समयअघि मेरा विज्ञानका शिक्षकले मलाई भनेका पनि थिए - 'टाइम हिल्स एभ्रिथिङ'। उनले मलाई मेरा जीवनका आरोह-अवरोहहरू देखेर दया देखाउँदै भने वा त्यसभित्र कुनै एक शिक्षकको आफ्नै भाव थियो। त्यो उनी नै जानून्। तर, जीवनको यो उत्तरार्द्धसम्म आइपुग्दा 'टाइम हिल्स' मात्र भएन, त्यसले 'डिसापियर' पनि गराउँदै लग्यो विविध कुरालाई। जीवन सायद यही नै हो। यसले समयसँग निकै ठूलो शत्रुता गाँसेको हुनुपर्छ। त्यसैले त जीवनका विविध कालखण्डका याद यो समयले डिलिट गर्दै लग्यो।

म यतिबेला सुन्धारा तल पेटी नै पेटी हिँडिरहेको छु। म एक्लै हिँडिरहेको छैन। म सँगै हिँडिरहेका छन् मेरा याद अनि विचारका डोबहरू। मलाई अतित सम्झेर घरी दिक्क लाग्छ त घरी मजा लाग्ने गरेको पनि छ। सायद अंग्रेजी सभ्यतामा यसलाई 'नोस्टाल्जिया' भनिन्छ। यो 'नोस्टाल्जिक' पृष्ठभूमि कताबाट उम्रियो?

किताब! यो शब्दले विगत, वर्तमान र आगतका आकृतिहरू आफूसँग बोकेको हुन्छ। किताबले यथार्थको बोध गराउँछ। किताबले कसैको कल्पनालाई शब्दमा जीवित रूप पनि भर्छ। वा भनौं 'ब्ल्याक एन्ड ह्वाइट' टेलिभिजनबाट रंगिन चलचित्रको मजा दिन्छ। किताब आफैंमा कागजका पानाहरू होला। तर, यसका शब्दहरू सपनाहरूको विपना हो। यथार्थहरूको बोध गराउने माध्यम हो र जीवन जिउने आधार सिकाउने साधन पनि हो।

त्यसैले घरीघरी मलाई किताबका पानाहरूमा तस्बिर नाचेको जस्तो लाग्छ। शब्द बोलेजस्तो लाग्छ र भावनाले लपेटेजस्तो लाग्छ। त्यसैले पनि किताबहरूप्रति मेरो मोह जाग्छ।

म निकै सानो छँदादेखि नै सुन्धाराका पेटीमा किताब बेच्ने मानिसको हुल हुन्थ्यो। सानोमा बाआमाले 'क्लासिक टेल्स' किनिदिए त घरी जनावरका मानवीकरण भएका कथाका पुस्तकहरू। आफू जान्ने र बुझ्ने भएपछि म आफैं फिक्सन र नन-फिक्सन किन्न थालेँ। पहिले पनि किनिन्थ्यो र अहिले पनि किनिन्छ, फरक यत्ति हो पहिले रोजाइ बाआमाका हुन्थे, अहिले आफ्ना। पहिले बाआमाका खल्ती रित्तिन्थे, अहिले आफ्नै रित्तिन्छ। पहिले ती पुस्तकालय जस्तो लाग्थ्यो भने अहिले त्यो सिँगो संग्रहालय जस्तो लाग्छ।

आज जब म लकडाउनको मध्यान्तरतिर ती पेटीमा हिँडे, त्यहाँ ती हुल थिएनन्। सायद किताबका धुलो टक्टक्याउने हातहरू यतिबेला जीवनको धुलो टक्टक्याउँदै होलान्। किताबहरू फगत कुनै कुनामा थन्किएका होलान्। हुल नभएपछि ती पेटीहरू रित्तिए। ती पेटीहरूका बौद्धिकता रित्तिए र मलाई विगतको सम्झनाले घोचिहाल्यो।

यो सुनसान सडक हो। राजधानीमा फाट्टफुट्ट गाडी चल्नुले सुनसानकै प्रतिबिम्ब झल्काउँछ। मानिसहरू हिँडिरहेका छन्। मानिससँगै हिँडिरहेका छन्, तिनका जहान पाल्ने यथार्थहरू। केही कुकुरहरू भौंतारिरहेका छन्। केही सुकेका पातहरू पेटीका ढुंगाहरूमा ठोकिन्छन् र ध्वनी पैदा गर्छन्। यसरी माहोल बनेको छ। तर, जब यी पेटी रित्तिए मेरा सोच भने भरिन थाले। किताबका पात्र र तिनका आकांक्षाहरू सल्बलाउन थाले। जब किताबको पृष्ठभूमि सुरू भयो, घन्टाघरको सुई मेरो आँखामा घुम्यो।

घन्टाघरको सुई पनि मेरा पात्र बोकेर चलिरहेको छ। तर जब घन्टाघरको सुई नै बन्द देखियो, मेरा पात्रहरू मेरेको आभास भयो। घन्टाघरको सुई रोकियो वा यो सृजनशीलताको जाममा अड्कियो, म ठ्याक्कै ठम्याउन भने सक्दिनँ। तर विगतबाट,मेरा पात्रहरूमध्येबाट कोही बोल्छ, मेरो समय हेरेरै त घन्टाघरले आफ्नो समय राखेको हो। म थप विचारमा पुग्छु।

यो कसले भन्यो र कताबाट भन्यो? यो जापानी घडीले भन्यो र उसको मौलिकताको चर्चा पनि गऱ्यो सायद। जापनिज घडीले यसो भन्दै गर्दा केही थप घडीहरू रिसाएका पनि छन्। उता बूढो पेन्डुलम घडी भने तिनलाई सम्झाउनमा व्यस्त छ। बूढो पेन्डुलम घडी घरीघरी खोक्छ र अरू घडीहरूको जमघटमा बेसुरो संगीत भर्छ। मोडर्न समयका घडीहरूले उसलाई हजुरबा भन्छन्।

तर तिनले बूढो पेन्डुलमका कुरामा खास रुचि राख्दैनन् पनि। बूढो पेन्डुलम सुनाउँछ, 'हामी घडीहरूको जन्म हुनुभन्दा अगाडि मानिसहरू आकाश हेरेर समय निर्धारण गर्थे।'

यतिबेला हजुरआमाका कहानीहरू गुन्जिरहेका छन्। तर बूढो पेन्डुलमलाई छोड्नु पनि भएन। घन्टाघरको स्थापना हुनुभन्दा निकै अगाडिका सन्दर्भहरू ऊ कोट्याउन थाल्छ। उसको कुरा सुन्ने जाँगर भने यी मोडर्न घडीहरूमा छैन। एकाएक इटालियन घडी बोल्छ, मेरो देशका हरेक घडीले मेरो समय हेरेर आफ्नो समय मिलाउँछन्। स्वीस घडीलाई छटपट भइरहेको हुँदा ऊ बोल्छ र भन्छ, म दुनियाँको सबभन्दा महँगो घडी हो।

कालान्तरबाट हरिवंश राय बच्चन भन्छन् - 'घडीयाँ तो मेहेँगी मेहेँगी पेहेन ली मेने, पर समयको ना रोक पाया।' घडीहरू आखिर कसरी बोल्न सक्छन्? मेरा बाल्यकालमा यी घडीहरू मजासँगले बोल्थे। यिनीहरूसँग म संवाद गर्थें र यी पनि मसँगै रमाउँथे।

लामो समय भयो यी घडीहरूसँग मेरो भेटघाट छैन। जीवनको उकाली ओरालीमा यी कतै भेटिए भने यिनले मलाई सोध्लान् पनि, म्वाइँ खाने गालामा दारी कसरी पलायो भनेर। म सायद त्यतिबेला निरुत्तर हुनेछु।

यी घडीहरू मेरा बाल्यकालमा मलाई बडो 'इन्जोय' गराउँथे। किताबसँगको मेरो सम्बन्ध सुरू पनि यी घडीको जमघट-कथाबाट नै भयो। यो त्यस उमेरका यादहरू हुन्, जसबेला मलाई फोनको रिसिभरबाट पनि मेरो बाले गालामा माया गर्थे। माया मात्र गर्दैन थिए, ती गालाका माया कति छिप्पिए र कति कलिलै छन् भनेर पनि भन्थे। सायद समयले यी गालाहरूलाई पनि बालाई जस्तै छिप्प्याइदियो।

किताब! कति सानो छ शब्द। तर यससँगको मेरो मित्रता भने निकै रोमान्चक छ। सायद यो रोमान्चको मजा आज जन्मिँदै मेसेन्जर भाइबर र टेम्पल रन खेल्ने बालबालिकाले पाउँदैनन् पनि। त्यसैले पनि म आफूलाई निकै भाग्यमानी ठान्छु र मलाई किताबप्रति मोह जगाइदिने बाआमाप्रति नतमस्तक हुन्छु।

मेरो बालापनमा त्यो सानो कछुवालाई हिँड्न गाह्रो भएर स्कुल ढिलो पुग्ने समस्या पनि भएको हो। ऊ बारम्बार म्याडमलाई भन्थी- उसकी आमाले आउने जन्मदिनमा उसलाई साइकल किनिदिने र त्यसपछि ढिलो नहुने सन्दर्भहरू।

यी तमाम कुराहरूले मलाई विद्यालय समयमा नै पुग्नुपर्छ भन्ने नियम पनि सिकायो। किताबका पानामा मैले जीवन्त कहानीहरू भेटेँ र जीवन दर्शनका नियम पनि। त्यसैले पनि यो मेरो जीवनको अभिन्न अंग बन्न पुग्यो।

म सम्झिन्छु, 'ब्ल्याक ब्युटी' का कहानीहरू। अन्ना सिविलका कहानीहरूले जब बा र मेरो मित्रतालाई थप प्रगाढ बनाउँथ्यो। तीभित्र केवल कहानी मात्र थिएनन् एउटा सम्बन्धलाई फराकिलो बनाउने बहाना पनि थिए। एक हरफ अंग्रेजी बा वाचन गर्नुहुन्थ्यो र त्यहाँभित्र भएको मुख्य रस नेपालीमा उल्था गरेर मलाई सुनाउनु हुन्थ्यो।

'एउटा छोरो तब मात्र बाको मित्र हुनसक्छ, जब बाका जुत्ताहरू छोरालाई ठीक हुन थाल्छ' यी हरफ कतिसम्म सान्दर्भिक छन्, त्यसको मापन गर्न मैले पाइनँ र त्यो नै जीवनको सबभन्दा ठूलो हार हो।

आज जब प्रेतकल्पका पानाहरू मेरा हातमा हुन्छन्, दिमागका इन्द्रीयहरू मलाई विगतमा धकेल्ने प्रयत्न फेरि पनि गर्छन् र गोनु झाका कथाहरू तिर हुत्याइदिन्छन्। गोनु झाका रहस्यमय भुतका कहानीले मेरा शरीरका काँडाहरू जोडजोडले उमार्थे र मभित्र किताबप्रतिको थप मोह पैदा गर्थे। गोनु झाका ती कथा आज पनि मेरो मानसपटलमा उत्तिकै प्रगाढ गुञ्जिरहेका छन्।

किताबसँगको मित्रता त्यसैले पनि कोहीसँगको मित्रताभन्दा निकै भिन्न हुन्छ। किताबसँग लोभ हुँदैन, रिस हुँदैन र राग पनि हुँदैन। त्यसैले पनि यो सम्बन्ध कुनै 'बेस्टेस्ट' साथीसँगको भन्दा पनि माथि हुन्छ।

यतिबेला जब म यो चित्र कोरिरहेको छु, मसँग बाल्यकाल मेरो हातमा छैन। समयले यो बाल्यकाल खोसेर निकै पर पुऱ्याइदिएको छ। तर, मसँग केही डिलिट नभएका याद पक्कै छन्। यी याद मैले 'इम्पोर्टेन्ट फाइल' बनाएर मेरो दिल-दिमागमा 'लक' गरेर राखेको छु।

'ए समय, तँलाई हक छैन मेरा यी यादहरू डिलिट गर्ने किनभने यसमा विगत, वर्तमान र भविष्यका आकृतिहरू छन्।' मलाई लाग्छ, किताब एक सुरमा बगिरहन्छ। जो किताबसँग त्यही सुरमा बग्न सक्दैन, ऊ बगरमा पनि पुग्न निकै कठिन छ।

बाल्यकालमा मात्र हैन, म आज पनि किताबहरूसँग उत्तिकै रमाउँछु। मेरा मित्र, आफन्त र दाइहरू मलाई प्रश्न गछन्- यति मोटो र ठूलो किताब तिमी दुई रातमा कसरी पढिसक्छौ? मसँग केवल एउटै उत्तर छ- किताब एउटा नदी हो, जसमा कहीँ छाल आउँछ र यो ढुंगासँग ठोक्किन्छ। कहीँ घुम्ती आउँछ र पहाडसँगै यसले पनि दिशा फेर्छ। हामी पनि यो सँगै कहिले छाल बन्नुपर्छ। कहिले घुम्तीमा सुन्दर दृश्यहरू हेरेर रमाउँदै घुम्नु पनि पर्छ। यसरी यो यात्रामा मजा लिएर हामी अबिरल बगिरह्यौं भने, यसले बगरमा त पुऱ्याउँछ नै। र त्यसरी नै त्यो विशाल यात्रा निकै रमाइलो र सहज भइदिन्छ।

त्यसैले म भन्छु, हरेक किताब एउटा यात्रा हो। चाहे त्यो लियो टाल्सटायको 'अन्ना क्यारिनिना' होस्, नारायण ढकालको 'प्रेतकल्प' होस्, मार्क ट्वेनको 'टम सयर' होस् या बुद्धिसागरको 'फिरफिरे'।

म किताबिया पनि हुँ या फगत किताबिया मात्र? मलाई थाहा छैन। तर म बिया थिएँ मनुष्य जातको र ममा किताबको मल जल सानै देखि लगाइयो। अन्ततः किताबिया भएँ। सायद त्यसैले पनि यी किताबको मोहले मेरा औंला आफैं चलिरहेछन् र भावना पोखिरहेछन्।

'फिरफिरे'का पानामा यात्रा गर्दै गर्दा पवन र बसन्त आफ्नै साथीझैं लाग्नु मेरो निम्ति निकै सुखद आश्चर्य हो। म डुबिरहेँ, ती पानामा र परिवेशलाई भोगेँ। दिक्क लाग्थ्यो, जब म महसुस गर्थें कि मेरा बसन्त र पवनजस्ता कोही साथी भएनन्, जोसँग ती रुखमा चढेर पिसाब फेर्न सक्थेँ। तर, यी पात्रसँगै म बगर डुलेँ। पहाडमा उकाली-ओराली गरेँ र तिनैलाई साथी र कल्पनालाई वास्तविकता मान्दै म अबिरल चलिरहेँ।

'पैताला' पढ्दै गर्दा मेरा पठनका पैतालाहरू कतिबेला अघि बढे र किताब सकियो, पत्तो पाइनँ। पैतालाका घटनालाई मैले सायद आफ्नै वास्तविकता मानेँ र पात्रहरूलाई मेरा अभिन्न यारहरू। जोस्मणिसँगै म पनि रारा पुगेँ। वालेटका चिठीहरू सायद मैले आफ्नै हातमा समाएर पढेँ। जोगी धारण केवल जोस्मणिले मात्र हैन पाल्पाका डाँडाहरूमा मैले पनि गरेको हुँ। मैले जनकपुरको होटलमा बसेर स्त्रीकाको कुरा सुन्न पनि भ्याएको छु। मलाई लाग्छ, सारिका मेरी पनि हो र संसर्गका स्वादहरू मैले पनि चाखेको छु। यसरी पैतालाको पात्र बनेँ म र मेरो मित्र बन्यो जोस्मणि।

'टम'का चकचक र स्याउका किस्साहरू मानसपटल घुम्दै गर्दा मेरा दाँतहरूबाट पनि आवाज आयो। सायद टमसँगै उसको स्याउ मैले पनि चाखेँ। लुकेर टमकी हजुरआमाको भान्साबाट मैले पनि चोरेको हुँ जाम र खाएको हुँ बडो स्वाद लिएर। मार्कले मबारे लेख्न छुटाए वा मलाई मात्र लाग्यो म त्यहाँ भएको, मलाई थाहा छैन। तर, मार्क कतै भेटिए भने म सोध्ने छु त्यो जामको निकै मिठो फ्लेवर।

'प्रेतकल्प'का पानाहरूलाई मैले इतिहास चियाउने आँखी झयाल मानेँ। खालिद हुसेनीको 'काइट रनर'ले जस्तै यिनले पनि मेरा मस्तिष्कमा इतिहासका धर्का तानिरहे। हजुरबाले सुनाएको कथा मेरो कानमा कसैले सुटुक्क बोलेको जस्तै लाग्यो। प्रेतकल्पमा सय वर्ष अघिको नेपालको छटपटीपूर्ण इतिहास जान्न पाएँ र फगत प्रफुल्ल भइरहेँ। ती पात्रहरू अविरल रूपमा अघि बढे र तीसँगै वास्तविकताको कहानी बनाउँदै म पनि अघि बढेँ। सायद, किताब भनेको नै साथी बनाउने माध्यम हो। कल्पनालाई वास्तविकता देखाउने ऐना।

किताबको प्रेमको किस्सा सुनाउँदै गर्दा मलाई नयाँ कथाले बोलाउँदै छ। यत्ति भन्छु, यसरी बाल्यकालदेखि मेरा अभिन्न यार भइदिए यी किताबहरू र जीवनका हरेक मोडमा यिनीहरूले आफ्नो जिम्मेवारी पूरा गरिरहे। यद्यपि, सुन्धाराका पेटीहरूले किताबको निकै लामो चर्चामा होम्याइदियो। 'नोस्टालजिया'मा धकेलिदियो र बाल्यकाललाई फेरि एकपटक मेरो अघिल्तिर उभ्याइदियो। घन्टाघरको सुई फेरि छिट्टै चलोस् र यसले समयका हरेक तरङ्गहरूमा जीवन हालोस्। उता मलाई हारुकी मुराकामीले बोलाउँदै छन्, उनको 'काफ्का अन द सोर' को यात्रा गराउन। ठीक यति नै बेला म सुन्धाराबाट पैदलै पैदल हिँडेर चाबहिल आइसकेको छु। घरको ढोका भर्खरै खोलेँ र तपाईंहरूसँगको संवाद यहीँ टुङ्ग्याउने अनुमति मागेँ ।

# कष्टकर बन्दै मजदुरको दैनिकी

*झापा (प्रस)* । मोरङ बुधनगरका ४० वर्षीय वीरेन्द्र मुखियाको दैनिकी सहजै चलेको थियो । बिहान ठेला तान्ने कामको कमाइले चार जनाको परिवार पाल्न समस्या थिएन । तर, चैत ११ देखि आजसम्म भने उनलाई निकै समस्या परिरहेको छ । झन् यही अवधिमा श्रीमती गुमाउनुको पीडाको त सीमा नै छैन । श्रीमतीको क्रिया गर्दा लागेको ऋणको बोझ ठेलाले नथाम्ने भएको छ ।

विराटनगरमा निषेधाज्ञा खुकुलो भएसँगै ठेला लिएर बजार त निस्कन्छन्, उनी । तर, काम नपाउनुको पीडा अर्कै छ । आफूहरू विराटनगरका बसिम आलमको नेतृत्वमा खटिएका युवाको समूहले खुवाउने खानाको भरमा बाँचेको उनी सुनाउँछन् । 'श्रीमती बितिन्, आम्दानी छैन, ठेला निकालेर मात्रै के गर्नु सामान ओसारपसार गर्ने यात्रु छैनन्', उनले भने, 'यी भाइहरूले खुवाएको खानाले बाँचेका छौँ ।' सहयोगी आलमले वीरेन्द्रजस्ता धेरै जना समस्या परेकाले सहयोग गरेको बताउँछन् । उनी भन्छन्, 'धेरैले रोजगारी गुमाए, भोकै रात कटाउने पनि भेटिए । त्यसैले सहयोग गरेका हौँ ।' काम गरेरै खाऊँ भने काम पाइँदैन, फेरि आफूहरू ठेला तान्नेबाहेक अरू काम नजानेकाले समस्यामा परेको वीरेन्द्रले सुनाए । 'विराटनगरमा ठेला तान्ने धेरै छौँ, सबैको समस्या उस्तै-उस्तै छ', उनी भन्छन्, 'प्लेन र गाडी नचल्दा ठेलामा सामान लैजाने यात्रु हुँदैनन् । यसले हामी समस्यामा परेका हौँ ।'



बजार वा पसल बिहानदेखि बेलुका ७ बजेसम्म खुल्दा अत्यावश्यक सामान किन्ने मात्रै बजार आउनाले यस्ता ठेला चलाउनेहरू काम पाएका छैनन् । अहिले उनीहरूको दिन सडक किनारमा ठेला राखेर कसैले बोलाउला की भनेर कुर्दै बित्ने गरेको छ ।

**दैनिक भोका चार सयले खान्छन् खाना**

संघीय सरकारले गरेको सुरुवाती लकडाउनसँगै विभिन्न संघसंस्था र स्थानीय तहको राहत वितरण अभियान बाक्लै चल्यो । लकडाउन सुरु हुँदा पहिलेको जोहो भएकैले पनि राहत लिए । जुन समय राहत सामग्री बाँडिहाल्ने समय थिएन । त्यसपछिका समयमा लकडाउन र निषेधाज्ञा लम्बिँदै जाँदा तह क्वारेन्टाइन व्यवस्थापनमा लागेका संघसंस्था हराए । त्यसै समयमा रोजीरोटी गुमाएका मजदुरको जोहो पनि सकियो । तर, कतैबाट न त राहत आयो न त दैनिक खाना नै । रोगले भन्दा भोकले मरिने डर बोकेका मजदुर र सडकमा दैनिकी गुजार्नेहरू भोकै भएपछि खाना खुवाउने अभियान चलाएका समाजसेवी युवा बसिम आलमको टोलीले नियमित सडकमा भेटिएकालाई खाना खुवाइरहेको छ । सबैतिर बन्द भएपछि मजदुरी गर्नेहरू सडकमा आइपुगेको अवस्थामा सडकपेटीमै बस्नेहरू र दैनिक मजदुरी गर्ने चार सयको हाराहरीमा खाना खाने गरेको आलमको भनाइ छ । सुनसरी इटहरी उपमहानगरपालिकाका गाडीचालक सन्तोष चौधरी दैनिक खाना खान पुग्छन् । यातायात बन्द हुँदा भोकै बस्ने समस्याको समाधान युवाहरूले नगरेको भए भोकै मरिन्थ्यो होला भन्छन्, चौधरी । उनले भने, 'सरकार र गाडी मालिकले गर्ने काम बसिम आलमले गरेको छन्, बिहान र बेलुका हामी जस्ता मजदुरलाई खाना खुवाउने अभियानले नै हामी बाँचेका हौँ ।' बसिमसँगै संक्रामक रोगको पर्वाह नगरी केही युवाहरू विराटनगरका सडकमा दिनहुँ असहायलाई खाना बाँड्दै हिँडिरहेका छन् । आलमका अनुसार उनीहरू आफैं रकम संकलन गरेर खाना र तरकारी जुटाउँथे । पकाउने ठाउँ ट्राफिक चोकको रोयल बिर्यानीलाई छाने । अहिले थुप्रै संस्थाहरूले सहयोग गरिरहेको बताए । तर, सहयोगमा सरकारी तथा एनजीओ, आईएनजीओको सहयोग नलिने नीतिसमेत युवाहरूले लिएको उनले बताए ।

# विराटनगरमा फेसन डिजाइनको पढाइ सुरु

*बिराटनगर (प्रस)* । विद्याभूमि स्कुलले प्रदेश नं. १ मै पहिलो पटक यस शैक्षिक सत्रदेखि फेशन डिजाइनको कक्षा सुरु गरेको छ ।

प्लसटुका अध्यक्ष तथा कलेज प्रमुख दिपेन भट्टराईले नयाँ कोर्षको उद्घाटन गर्दै फेशन डिजाइनसँगै सौन्दर्यकला, पाककला (कुलिनरी आर्टस्) र सेवा सत्कार व्यवस्थापन (हस्पिटालिटी म्यानेजमेन्ट) विषय यस वर्षदेखि थप गरिएको जानकारी दिए । विगत ४ वर्षदेखि होटल म्यानेजमेन्ट र ट्राभल एण्ड टुरिज्म अध्ययन गराउँदै आएको विद्यालयले यस वर्षदेखि पूर्वमै पहिलो पटक फेशन डिजाइन र कुलिनरी आर्टस् र हस्पिटालिटी म्यानेजमेन्ट थपेर होटल म्यानेजमेन्ट पढ्ने विद्यार्थीका लागि उत्कृष्ट गन्तव्य बनाइएको उनको भनाइ छ ।

विद्यालयका प्राचार्य पराग ढुंगानाले यस वर्षदेखि व्यवस्थापनका अन्य विषयमा पनि अध्ययन गराउने बताउँदै विद्यार्थीलाई पढाइका साथै व्यवहारिक शिक्षा दिने बताए । उनले विद्यार्थीलाई सीपमुलक शिक्षा र रोजगारीमुलक शिक्षा दिदै, व्यवसाय र रोजगारीका अवसरहरू पहिचान गर्न, उच्च शिक्षा छनौट गर्न र रोजगारमा जोडन मद्दत गर्ने बताए । व्यवस्थापन संकाय प्रमुख केशव न्यौपानेले पढाइका क्रममा आफूले युरोपमा देखेका र भोगेका सिकाइ तथा प्रविधिहरु विद्यार्थीलाई बाँड्ने साथै रोजगारी तथा उद्यमशीलतासँग जोड्न यी कोर्ष तथा विषयहरुलाई उपयोगी बनाउने बताए । यस्तै फेशन डिजाइन प्रशिक्षक शिक्षा श्रेष्ठले यो कोर्षले विद्यार्थीलाई उद्यमी बनाउने र नेपालको फेशन जगतमा नयाँ आयाम थप्ने बताइन् । उनले कोर्ष सकेपछि देश तथा विदेशमा रोजगारी, इन्टर्नसीप र उद्यमी हुन चाहनेका लागि पनि प्रशस्त सम्भावना रहेको जनाइन् । विगत ४ वर्षदेखि होटल म्यानेजमेन्ट र पर्यटन अध्यापन गराइरहेको विद्यालयले विद्यार्थीका लागि अभ्यास गर्न प्रशस्त व्यवस्था गरिरहेको र त्यसले विद्यार्थीमा सैद्धान्तिक भन्दा व्यवहारिक सीप विकासमा जोड दिएको होटल व्यवस्थापन संकाय प्रमुख विश्वराज पन्तले बताए । विद्यालयका निर्देशक गुणानन्द महतोले अहिले विश्व नै कोरोना भाइरस (कोभिड- १९) बाट आक्रान्त भएको अवस्थामा विद्यार्थीलाई सहज बनाउन फेसन डिजाइनमा ५० प्रतिशत र अन्य सबै विषयमा ३० प्रतिशत छुटको व्यवस्था गरिएको बताए ।




# अलैंचीको बजार मूल्य भन्दा भन्सार मूल्य बढी

*बिर्तामोड (प्रस)* । आर्थिक वर्ष २०७०/०७१ मा अलैंची प्रतिमन १ लाख २० हजार मूल्यमा कारोबार भएको थियो । त्यस बेलाको बजार भाउअनुसार ताप्लेजुङबाट मात्रै करिब ६ अर्बको अलैंची निर्यात भएको थियो । जिल्लामा २४ सय मेट्रिक टन अलैंची उत्पादन भएको साविक जिल्ला कृषि विकास कार्यालयको तथ्यांक छ । कृषक र व्यवसायी उत्साही बने । अझ खेती किसानमा रमाएका कृषक अलैंची खेती गर्न झनै हौसिए ।

धान फल्ने फाँटिलो खेत तथा आलु र मकै उत्पादन हुने बारी र टारहरुमा अलैंची रोप्न सुरु गरे । खोल्सा-खोल्सीदेखि बारीको कान्लासम्म अलैंचीका बोट हुर्काए । ९ वटा स्थानीय तहका ४ हजार ५ सय हेक्टरमा अलैंची खेती विस्तार भएको छ । ६१ वटामध्ये फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोलाबाहेक सबै वडामा अलैंची खेती हुन्छ । ताप्लेजुङमा देशकै सबैभन्दा बढी अलैंची खेती र उत्पादन हुन्छ । करिब ४२ जिल्लामा अलैंची खेती विस्तार भएको छ ।

अलैंची टिप्ने सिजन सुरु भएको छ । बेसीमा भदौ तेश्रो सातादेखि टिप्न सुरु भएको अलैंची कात्तिक अन्तिमतिर लेकाली भेगमा टिपेर टुङ्गिन्छ । तर, वर्षेनी अलैंची उत्पादन मात्र घटेको छैन, मूल्य समेत घट्दो छ । किनबेच सुस्त छ । किसान र व्यवसायी चिन्तित बनेका छन् । कृषक र व्यवसायीमा त्यति उत्साह छैन । भदौ अन्तिम साताको अवधिमा प्रतिमन अलैंची २० हजारमा कारोबार छ । वर्षेनी उत्पादन र मूल्यमा हुने उतारचढावका कारण भन्सार मूल्य समायोजन पनि हुन सकेको छैन ।

भन्सार मूल्य समायोजन नहुँदा निर्यातमा समस्या भएको छ । हालकै बजार भाउमा बिक्री गरेर खर्च टार्न इच्छुक किसान बढी चिन्तित देखिएका छन् । चाडपर्व नजिकिएसँगै बिक्री गर्ने मनसाय बनाएका किसानको अलैंची खरिद गर्न व्यवसायी त्यति इच्छुक छैनन् । अलैंची व्यवसायी संघ ताप्लेजुङ अध्यक्ष तथा अलैंची व्यवसायी बालमणि बरालका अनुसार किनबेच चहलपहल छैन । अध्यक्ष बरालले भने, 'अलैंची हुनेलाई अग्रिम पैसा र दैनिक उपभोग्य सामग्री अग्रिम दिने चलन हुन्थ्यो । आजभोली छिटफुट मात्र किनबेच छ ।'

मूल्य समायोजन गर्न सरकार र व्यवसायी चुकेका छन् । फलस्वरुप न त अलैंची निर्यात हुन सकेको छ, न त मूल्य समायोजन नै । नेपालमा बिक्री हुने बजार मूल्यभन्दा भारतको भन्सार मूल्य बढी छ । झापामा प्रतिमन (भदौ २३ गते) २२ हजार मूल्य छ । १ केजी अलैंचीको मूल्य ५ सय ५० पर्छ । तर निर्यातका लागि प्रति केजी भन्सार शुल्क भारु ५ सय (नेरु.८ सय) तोकिएको छ । भन्सार शुल्कबाहेक प्रतिकेजी १५ सय रुपैयाँ कर तोकिएको छ । तर भारतकै सिक्किममा उत्पादित अलैंचीको भन्सार शुल्क प्रतिकेजी भारु ३ सय रुपैयाँ मात्र छ । त्यही भएर भारतीय व्यापारीले भारतकै विभिन्न भू-भागमा उत्पादन भएको अलैंची खरिद गर्छन् । भन्सार शुल्क समायोजन नहुन्जेल निर्यात हुन कठिन बनेको छ ।

अलैंची व्यवसायी संघका केन्द्रिय अध्यक्ष राजकुमार कार्कीका अनुसार भन्सार शुल्क तत्काल समाधान हुन जरुरी छ । जबसम्म भन्सार शुल्क समायोजन हुँदैन, तबसम्म निर्यात सहज छैन । अलैंची प्रतिकेजी २ हजार मूल्य हुँदा पनि भन्सार शुल्क भारु ५ सय ( ८ सय रुपैयाँ ) नै थियो । तसर्थ भाउ उतारचढाव हुँदाको तारतम्य मिलाएर भन्सार शुल्क तोकिनुपर्नेमा व्यवसायीको जोड छ ।

सरकारले भन्सार मूल्य समायोजन गर्न चासो नदेखाएको अलैंची व्यवसायी महासंघका पूर्वअध्यक्ष निर्मल भट्टराईले गुनासो गरे । वाणिज्य तथा आपूर्ति मन्त्रालयमा अनुरोध गरेको उनले बताए । मन्त्रालयको भनाई उद्धृत गर्दै भट्टराईले भने, 'सचिवज्यूले हामी होमवर्कमा छौँ भन्नुभएको छ, जतिसक्दो चाँडो निकास हुने आश्वासन पाएका छौँ ।'



भन्सार शुल्क भाउ अनुसारको समायोजन भए निर्यात सहज हुने व्यवसायीको तर्क छ ।

नेपाली अलैंचीको मुख्य बजार भारत हो । भारतमै निर्भर हुनु नै मुख्य कमजोरी हो । अलैंची व्यवसायी संघका अध्यक्ष कार्कीले भने, 'भारतबाहेकको बजार खोज्न जरुरी छ । कम्तीमा बंगलादेश र चीनमा बजार विस्तार गर्न सके धेरै समस्या समाधान हुन सक्छ ।' सेप्टेम्बर महिनादेखि भारतमा पनि अलैंची टिप्ने काम सुरु भएकाले तत्काल मूल्य समायोजन गर्नुपर्ने किसान र व्यवसायीले खाँचो औंल्याएका छन् ।

प्रतिदिन वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पुर्ण
काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिचोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रूफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : छोटो समयमा फाइदा उठाउन सकिनेछ ।
**वृष** : भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ ।
**मिथुन** : नयाँ काम गर्ने अवसर पनि प्राप्त हुनेछ ।
**कर्कट** : पुरानो सम्झौता तोड्नुपर्ने हुन सक्छ ।
**सिंह** : सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् ।
**कन्या** : बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ ।
**तुला** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।
**वृश्चिक** : भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ ।
**धनु** : प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ । व्यापारमा अड्किएको रकम उठ्नेछ ।
**मकर** : भाग्यवश कीर्तिमानी काम गर्ने अवसर प्राप्त हुनेछ ।
**कुम्भ** : परिस्थिति प्रतिकूल देखिए पनि भाग्यले विभिन्न अवसर जुराउनेछ ।
**मीन** : शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ ।